# शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन निर्देशिका - २०७५

गाउँकार्यपालिका द्वारा पारित मिति:२०७५।०८।०९

**प्रस्तावनाः** सानीभेरी गाउँपालिका स्थित विद्यालयहरुमा गाउँपालिका द्वारा उपलव्ध गराइएको शिक्षक तथा कर्मचारी अनुदान रकमलाई व्यवस्थित गरी शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्न सानीभेरी गाउँकार्यपालिकाले यो निर्देशिका निर्माण गरी जारी गरेको छ।

## परिच्छेद १

### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम **"शिक्षक तथा कर्मचारी अनुदान व्यवस्थापन निर्देशिका - २०७५"** रहेको छ।

१.२ यो निर्देशिका सानीभेरी गाउँपालिकाभर तुरुन्त प्रारम्भ हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

२.१ **शिक्षक** भन्नाले गाउँपालिकाको अनुदानबाट तलब भत्ता खाने गरी विद्यालय व्यवस्थापन समितिबाट नियुक्त शिक्षक सम्झनुपर्छ।सो शव्दले प्रारम्भिक बालविकास केन्द्रमा नियुक्त शिक्षक समेतलाई बुझाउँदछ।

२.२ **कर्मचारी** भन्नाले विद्यालयमा लेखा सम्बन्धि कामकाज गर्न नियुक्त विद्यालय सहायकलाई सम्झनुपर्छ।

२.३ **अनुदान** भन्नाले गाउँपालिकाले विद्यालयमा शिक्षक तथा कर्मचारी अभाव पूर्ति गर्न विद्यालयमा स्थायी दरबन्दी सिर्जना नहुन्जेल सम्मका लागि मात्र उपलव्ध गराएको अनुदान रकम सम्झनुपर्छ।

२.४ **गाउँपालिका** भन्नाले सानीभेरी गाउँपालिका सम्झनुपर्छ।

२.५ **गाउँकार्यपालिका** भन्नाले सानीभेरी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ।

२.६ **शिक्षा नियमावली** भन्नाले सानीभेरी गाउँकार्यपालिकाले निर्माण गरेको शिक्षा नियमावली-२०७४ सम्झनुपर्छ।



नरबहादुर पुन
अध्यक्ष

परिच्छेद २

शिक्षक अनुदान उपलव्ध गराउने आधारहरु

३. गाउँपालिकाले विद्यालयलाई शिक्षक अनुदान देहायबमोजिमका आधारमा उपलव्ध गराउनेछ।

३.१ विद्यालयमा सञ्चालित तह र कक्षा,

३.२ विद्यालयमा भएको विद्यार्थी संख्या र विदद्यालय सेवा क्षेत्र,

३.३ विद्यालयमा उपलव्ध दरबन्दी संख्या,

३.५ विद्यालयमा पढाइ हुने विषयहरु,

३.६ विद्यालयमा सञ्चालित प्राविधिक धार,

३.७ गाउँकार्यपालिकाले तोकेका अन्य आधारहरु

४. न्यूनतम रुपमा विद्यालयमा देहायबमोजिम दरबन्दी हुने गरी शिक्षक अनुदान रकम उपलव्ध गराइनेछ।

४.१ कक्षा १-३ सञ्चालित विद्यालयः न्यूनतम २ दरबन्दी

४.२ कक्षा १-५ सञ्चालित विद्यालयः न्यूनतम ३ दरबन्दी

४.३ कक्षा ६-८ सञ्चालित विद्यालयः न्यूनतम ३ दरबन्दी

४.४ कक्षा ९-१० सञ्चालित विद्यालयः न्यूनतम ३ दरबन्दी

४.५ कक्षा ११-१२ सञ्चालित विद्यालयः न्यूनतम २ दरबन्दी

परिच्छेद ३

शिक्षक नियुक्ति प्रक्रिया

५. गाउँपालिकाको अनुदान रकमबाट तलब भत्ता खाने गरी शिक्षक नियुक्ति गर्दा देहायबमोजिमको प्रक्रिया अवलम्बन गरिनेछ।

५.१ शिक्षक दरबन्दी नभएको वा दरबन्दी अपूग भएको विद्यालयमा शिक्षा,युवा तथा खेलकुद शाखाको सिफारीसको आधारमा गाउँकार्यपालिकाको निर्णयानुसार शिक्षक अनुदान रकम उपलव्ध गराइनेछ।



नरबहादुर पुन
अध्यक्ष

५.२ विद्यालयमा शिक्षक अनुदान रकम उपलब्ध गराइएपश्चात शिक्षा,युवा तथा खेलकुद शाखाबाट शिक्षक नियुक्तिको लागि अनुमति लिनुपर्नेछ।

५.३ शिक्षा,युवा तथा खेलकुद शाखाबाट अनुमति लिइसकेपछी विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार कम्तीमा १५ दिनको म्याद राखी विज्ञापन गर्नुपर्नेछ।

५.४ शिक्षकको विज्ञापन गर्दा आधारभूत तह(कक्षा१-५) को लागि विद्यालयको आवश्यकता र आधारभूत तह(कक्षा ६-८) तथा माध्यमिक तह(कक्षा ९-१२) को लागि विषयगत मागलाई समेत ख्याल गर्नुपर्नेछ।

५.५ कक्षा ६-१२ सम्म शिक्षक नियुक्ति गर्दा क्रमशः नेपाली,अंग्रेजी,गणित,विज्ञान र सामाजिक विषयलाई ध्यान दिनुपर्नेछ।

५.६ शिक्षकको योग्यता शिक्षा नियमावली अनुसार हुनेछ।

५.७ विज्ञापन पश्चात शिक्षा नियमावली बमोजिमको शिक्षक तथा कर्मचारी छनौट समितिले परीक्षा सञ्चालन गरी शिक्षक नियुक्तिको प्रक्रिया अगाडी बढाउने छ।

५.८ शिक्षा नियमावली तथा यस निर्देशिका विपरित कसैले शिक्षक नियुक्ति गरेमा त्यसलाई गाउँकार्यपालिकाले बदर गर्न सक्नेछ।

५.९ यो निर्देशिका जारी हुनुभन्दा अगाडी गाउँपालिकाको अनुदानमा नियुक्त शिक्षकको हकमा यो परिच्छेद लागू हुने छैन।

## परिच्छेद ४

### विद्यालयमा शिक्षक अनुदान रकम निकासा गर्ने प्रक्रिया

६. विद्यालयमा शिक्षक अनुदान निकासा गर्दा देहायबमोजिमका प्रक्रिया अपनाइनेछ।

६.१ गाउँपालिकाको अनुदान रकमबाट तलब भत्ता खाने शिक्षकहरुको अभिलेखीकरण गरिनेछ।

६.२ शिक्षकहरुको चौमासिक माग फाराम विद्यालयबाट संकलन गरिनेछ।

६.३ शिक्षकहरुको माग फारामसंगै नियुक्ति पत्रको प्रतिलिपि,हाजिरी प्रमाणित गरेको पत्र तथा विद्यालयको सिफारीस अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ।

६.४ माग फारामको रुजु पश्चात विद्यालयको खातामा चौमासिक रुपमा रकम निकासा गरिनेछ।



नरबहादुर पुन
अध्यक्ष

परिच्छेद ५

**कर्मचारी व्यवस्थापन अनुदान प्रक्रिया**

७. विद्यालयमा लेखा सम्बन्धी कामकाज गर्न नियुक्त कर्मचारीको व्यवस्थापन देहायबमोजिम गरिनेछ।

७.१ गाउँकार्यपालिकाको निर्णयानुसार आवश्यकताको आधारमा अनुदान रकम उपलव्ध गराइनेछ।

७.२ कर्मचारी नियुक्तिको प्रक्रिया शिक्षा नियमावली बमोजिमको समितिले गर्नेछ।

७.३ अनुदान रकम चौमासिक रुपमा माग फाराम भराइ विद्यालयको खातामा उपलव्ध गराइनेछ।

७.४ माग फारामसंगै नियुक्तिको प्रतिलिपि,हाजिरी प्रमाणित गरेको पत्र तथा विद्यालयको सिफारीस अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ।

परिच्छेद ६

**शिक्षक तथा कर्मचारी अनुदान रकम**

८.शिक्षक अनुदान रकम देहायबमोजिम उपलव्ध गराइनेछ।

८.१ आधारभूत तह(कक्षा१-५): मासिक रु.१५,०००।- का दरले १३ महिना बराबरको,

८.२ आधारभूत तह(कक्षा६-८): मासिक रु.१७,०००।- का दरले १३ महिना बराबरको,

८.३ माध्यमिक तह(कक्षा९-१०): मासिक रु.२५,०००।- का दरले १३ महिना बराबरको,

८.४ माध्यमिक तह(कक्षा११-१२): मासिक रु.३०,०००।- का दरले १३ महिना बराबरको।

९. कर्मचारी अनुदान रकम देहायबमोजिम उपलव्ध गराइनेछ।

९.१ मासिक रु.१०,०००।- का दरले १३ महिना बराबरको।

परिच्छेद ७

**गाउँपालिकाको अनुदान रोक्का वा बन्द गर्न सकिने**

१०. विद्यालयमा उपलव्ध गराइने गाउँपालिकाको अनुदान रकम देहायबमोजिमको अवस्थामा गाउँ शिक्षा समितिको सिफारीसको आधारमा गाउँकार्यपालिकाले रोक्न वा बन्द गर्न सकिनेछ।



नरबहादुर पुन
अध्यक्ष

१०.१ शिक्षक वा कर्मचारीको दरबन्दी स्थायी रुपमा सिर्जना वा पदपूर्ति भइ आएमा,

१०.२ संघीय वा प्रादेशिक सरकारबाट शिक्षक वा कर्मचारीको व्यवस्थापनको लागि अनुदान प्राप्त भएमा,

१०.३ विद्यालय मर्ज वा तह तथा कक्षा घटुवामा परेमा,

१०.४ गाउँकार्यपालिकाले मनासिव ठहराएका अन्य आधारहरु

## परिच्छेद ८

### विविध

११. **निर्देशिका संशोधनः** यस निर्देशिकालाई आवश्यकता र औचित्यका आधारमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ।

१२. **बचाउः** यो निर्देशिका जारी हुनुभन्दा अगावै विद्यालयमा उपलव्ध गराइएको अनुदान रकम यसै निर्देशिका बमोजिम विद्यालयमा निकासा भएको मानिनेछ।



नरबहादुर पुन
अध्यक्ष